घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदुरपश्चिम प्रदेश नेपाल

फोन नं.०९१-४०३०६४
इमेलः ghodaghodimun@gmail.com

प.सं. २०८१।०८२ मिति : २०८१/१०/२४
च न 2296

विषयः आवेदन फारम पेश गर्ने सम्वन्धमा ।

श्री आधारभुत तह (कक्षा ५ र ८) सञ्चालित सम्पूर्ण विद्यालयहरु
घोडाघोडी नगरपालिका, कैलाली

प्रस्तुत विषयमा यस घोडाघोडी नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा शै. स. २०८१ मा कक्षा ५ र ८ अध्ययनरत नियमित विद्यार्थीहरुको परीक्षा आवेदन फारम तपसिल बमोजिम भरी/भराई बुझाउनुहुन अनुरोध छ ।

तपसिल

१. विद्यार्थीहरुको व्यक्तिगत विवरण जन्मदर्ता प्रमाणपत्र अनुसार हुनु पर्नेछ । सोको एकीन गर्न IEMIS Log in गर्ने र Dashboard मा रहेको Student Record अन्तर्गतको Student information मा Click गर्ने र Year 2081, Class ५ वा ८ select गरी Load गर्दा देखिने विद्यार्थी विवरण प्रत्येक विद्यार्थीको जन्मदर्ता प्रमाणपत्र अनुसार भए नभएको एकीन गरी यदी फरक परेको भए विद्यार्थी विवरणको दाँयातिर रहेको Action मा Click गरी Edit मा गई सबै विवरण अनिवार्य रुपमा सच्याउनु पर्नेछ र कुनै विद्यार्थीले विद्यालय पढ्न छोडेको भए Not in school मा Click गरी हटाउनु पर्नेछ ।

२.आवेदन फारामको लागि IEMIS Log in गर्ने र Dashboard मा रहेको Manage Exam मा गई Application form मा Click गरेर Year 2081, Class ५ वा ८ select गरी Load गर्दा देखिने विद्यार्थीको विवरण रुजु गरी सहि भएको एकिन भएमा परीक्षा आवेदन फाराम Print गर्ने ।

३ त्यस पछि Admit Card मा गएर ९ अङ्कको symbol no. generate गर्ने (symbol no. generate गर्दा पहिलो दुइ अङ्क साल (८१) त्यसपछिको दुई अङ्क साविकको गाविस कोड त्यसपछिको दुइ अङ्क विद्यालयको ईमिस कोड र अन्तिम ३ अंक विद्यार्थी संख्या अनुसार ००१ देखि कायम गर्ने) जस्तै: राष्ट्रिय मा. वि. सुखडको EMIS कोड ७१००९०००३ हो । यसको रोल नं कायम गर्दा ८१०९०३००१ बाट सुरु हुन्छ ।

४ विद्यालयले IEMIS Log in गरी Dashboard मा रहेको Manage Exam Tab मा गइ Admit card मा Click गरेर विद्यार्थीको सिम्बोल नम्बर कायम भएको देखिएमा प्रत्येक विद्यार्थीको २ प्रति प्रवेशपत्र प्रिन्ट गरी विद्यार्थीको हाल सालै खिचिएको विद्यालय पोसाकमा रहेको फोटो टाँसी प्रधानाध्यापकले प्रमाणित गर्ने र प्रवेशपत्रमा विद्यार्थी र प्रधानाध्यापकको हस्ताक्षर भएको ठाउँमा आ-आफ्नो हस्ताक्षर गर्ने ।

५ त्यसपछि आवेदन फाराम, १ प्रति प्रवेश पत्र र समष्टीगत फारम IEMIS मा भएको विद्यार्थीहरुको अंग्रेजी वर्णानुक्रम अनुसार हुने गरी मिलाइ अनिवार्य रुपमा विद्यार्थीको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपिं र कक्षा ७ को ग्रेडसिटको प्रतिलिपि सहितको फाइल तयार गरी मिति २०८१।११।१० गते भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ।

नगेन्द्र बहादुर सिंह
सचिव

# घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदुरपश्चिम प्रदेश नेपाल

फोन नं.०९१-४०३०६४
इमेल: ghodaghodimun@gmail.com


६. विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्यांकन मापदण्ड २०८० मा भएको व्यवस्था अनुसार मिति २०८१ फागुन १५ गते भित्र विद्यार्थीहरुको आन्तरिक मुल्यांकनद्धारा प्राप्त प्राप्तांक IEMIS मा समेत प्रविष्ट गरी यसै साथ संलग्न ढाँचा अनुसार तयार गरी विद्यालयको छाप र प्रधानाध्यापकले प्रमाणित गरी यस कार्यलयमा पेश गर्नु पर्नेछ।

७. संस्थागत विद्यालयले आवेदन फारम बुझाउन आउदा कक्षा ५ को प्रति विद्यार्थी रु ३००। ( अक्षेरेपी तीन सय मात्र ) र कक्षा ८ को प्रति विद्यार्थी रु ३५० । (अक्षेरेपी तीन सय पचास मात्र ) का दरले हुन आउने रकम यस कार्यालयको राजश्व शाखामा बुझाइ सोको भौचर पेश गर्नु पर्नेछ ।

८. परीक्षा सम्बन्धी थप जानकारी आवश्यक भएमा शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्न सकिनेछ ।

बोधार्थ

*श्रीमान् नगरप्रमुख ज्युको सचिवालय :-जानकारीको लागि सादर अनुरोध छ ।*

*श्रीमान् नगर उपप्रमुख ज्युको सचिवालय :-जानकारीको लागि सादर अनुरोध छ ।*

*श्री सूचना प्रविधि शाखा, सूचना वेभसाइट तथा फेसबुक पेजमा अपलोड गरी सार्वजनिक गरिदिनु हुन ।*

खगेन्द्र बहादुर सिंह
उप सचिव